# माादी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### थुमाकोडाँडा, कास्की

माादी गाउँपालिका

गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०७९/०८०

च. नं. : ८६९

मिति:२०७९।०९।२१

श्री सबै सामुदायिक विद्यालयहरु,
मादी गाउँपालिका,कास्की ।

विषय- एक शिक्षण संस्था एक उद्यम कार्यक्रमका लागि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय युवा नीति,२०७२ र युथ भिजन २०२५ ले निर्देशित गरेअनुसार उद्यमशीलता मार्फत सार्वजनिक शिक्षाको सबलीकरणका लागि शिक्षण संस्था मार्फत एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लाई प्रभावकारी रुपले कार्यान्वियन गरि विद्यालय बाट विद्यार्थीहरुलाई उद्यमप्रति आकर्षित गर्ने र विद्यालयलाई उद्यमका लागि सिकाइको थलोका रुपमा विकास गर्ने उद्धेश्यका साथ कक्षा ९ देखि १२ सम्मका विद्यार्थी सहभागी भई विद्यार्थी उद्यमी क्लब गठन गरी उक्त क्लबमार्फत उद्यम सञ्चालन गर्नुपर्ने भएकोले मादी गाउँपालिका अन्तर्गत चालू आ.व. २०७९।०८० मा राष्ट्रिय युवा परिषदको स्वीकृत बार्षिक कार्यक्रमका लागि यस मालिकामा वित्तिय हस्तान्तरण भई आएकोले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्रमा एक शिक्षण संस्था,एक उद्यम कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि,२०७९ को अनुसुची १ बमोजिम निवेदन र अनुसूची २ बमोजिको व्यावसायिक परियोजना प्रस्ताव भरि तपसिलका कागजातसहित प्रस्तावना पेश गर्नुहुन अनुरोध छ ।

तपसिल:

१. विद्यालयमा उद्यम सञ्चालनमा सहयोग गर्ने प्रतिबद्धता सहितको वडा कार्यालयको सीफारिस ।
२. कार्यक्रम सञ्चालन गर्ने वि.व्य.स. समितिको प्रतिवद्धता सहितको निर्णय ।
३. विद्यालयमा एक शिक्षण संस्था, एक उद्यम कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि,२०७९ को दफा ७ (१) बमोजिम विद्यार्थी उद्यमी क्लब गठन गरिएका पदाधिकारिहरुको नामवली सो क्लबको निर्णय र प्रतिवद्धता ।
४. बैक तथा वित्तिय संस्थामा उद्यम कोष स्थापना भएको विवरण ।
५. विद्यालयले उद्यम गर्न सकिने व्यवसायहरुको पहिचान पश्चात प्राथमिकिकरण गरिएका क्षेत्रहरु ।
६. विद्यालयमा उद्यम सञ्चालन गर्न सहयोग गर्ने प्रतिबद्धता सहितको पुर्व विद्यार्थी मञ्च गठन भएको निर्णयको प्रतिलिपि र पदाधिकारीहरुको विवरण ।
७. भौतिक पूर्वाधार (पानि, विजुली र जग्गा)।
८. माध्यमिक तहको विद्यार्थी संख्या(९-१२) ।

..............................
गोपी कृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत